हरिपूर्वा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपूर्वा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

# हरिपूर्वा नगरपालिकाको विनियोजन विधेयक, २०८२

(हरिपूर्वा नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२)

**नगर सभाबाट स्वीकृत मिति २०८२।०३।१३**

**२०८२ सालको विधेयक नं. १**

**प्रस्तावना :** हरिपूर्वा नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) तथा धारा २२६ को अधिकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हरिपूर्वा नगर सभाले यो विधेयक स्वीकृत गरेको छ।

१. **संक्षिप्तनामर प्रारम्भः (१)** यस ऐनको नाम " हरिपूर्वा नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेबाट लागु हुनेछ।

२. **परिभाषा :**

(क) "नगर सभा" भन्नाले हरिपूर्वा नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले हरिपूर्वा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "वडा समिति" भन्नाले हरिपूर्वा नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

(घ) "विषयगत शाखा" भन्नाले हरिपूर्वा नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ।

(ङ) "सञ्चित कोष" भन्नाले हरिपूर्वा नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष **२०८२।०८३** को निमित्त हरिपूर्वा नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम र बैक मौज्दात समेत गरी जम्मा रकम रु. ६२,१३,५३,१४०/-( **बैसठ्ठी करोड तेह्र लाख त्रिपन्न हजार एक सय चालिस रुपैया मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ।

४. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०८२।०८३** को लागि हरिपूर्वा नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुगहुने देखि नआएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ। पूँजिगत खर्च र वित्तीयव्यवस्था तर्फ



विनोद कुमार साह

विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) माजुर्नसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सोशीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

विनोद कुमार साह
नगर प्रमुख

हरिपुर्वा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर्वा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| | | | २२,७८,००,०००/- | ३९,३५,५३,१४०/- | ६२,१३,५३,१४०/- |
| १ | | नगर स्तरीय | | | |
| २ | | वडा स्तरीय | | | |
| ३ | | विषयगत शाखा स्तरीय (सशर्त) | | | |
| | जम्मा | | | | ६२,१३,५३,१४०/- |

प्रमाणीकरण गर्नेको :

सही :

नाम : बिनोद कुमार साह तेली

पद : सभाध्यक्ष (नगर प्रमुख)

प्रमाणीकरण मिति : २०८२।०३।३२

बिनोद कुमार साह
नगर प्रमुख